# प्रतिवेदन

परिचय :

स्थानीय निकाय अथवा सेवाप्रदायक र नागरिकहरुका बीचमा दोहोरो संवाद स्थापित गरी त्यस्तो संवादबाट जनतालाई राष्ट्रको विकास प्रकृयामा रचनात्मक प्रतिनिधित्व गराउदैं पारदर्शी माध्यमद्धारा स्थानीय तहको विकास निर्माण कार्य, सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार, कर्तब्यनिष्ठ तथा जवाफदेहीताको संस्कार बसाल्नको लागि सार्वजनिक सुनुवाई अत्यन्तै महत्वपूर्ण हुन जान्छ ।

जिल्ला वा निश्चित स्थान भित्र भएका विकास निर्माणका कार्यहरु र सेवाप्रवाहलाई प्रभावकारी बनाउन तथा सेवाप्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एवम् सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिकको जिम्मेवारी प्रति जिम्मेवार हुने माध्यम दिने सामाजिक जवाफदेहीताको एक संयन्त्र पनि हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवाप्रदायक र सेवाग्राहीबीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाई पारदर्शी तरिकाले बलियो बनाउने मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सु:सासनका मुख्य तत्वहरु पारदर्शीता र जवाफदेहीता प्रबर्द्धन गर्ने जस्ता मूलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै परिपेक्षमा कपिलवस्तु जिल्लाको विजयनगर गाँउपालिकाले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारीता र सेवाको विद्यमान अवस्थालाई जनतामाझ जानकारी गराउन विजयनगर गाँउपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

**महत्व :**

वास्तवमा स्थानिय तहबाट संचालित विकास निर्माण कार्यक्रम, उपलब्ध सेवा सुबिधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहणगर्न, हकवालाहरुमा जान्न पाउने हकको सुनिश्चत गर्दै त्यस माथिको पहुच बढाई उनिहरुको शशक्तीकरण गर्नु, स्थानीय निकायहरुलाई जनताप्रति उत्तरदायी र जनमूखि गराउन, भ्रष्टचार न्यूनिकरण गर्न, विकास निर्माणका कार्यमा जनसहभागिता बढाउन, सामुहिक निर्णयको थालनी गराउन र मानव स्रोत तथा सामाजिक पुंजी विकास गर्नका लागि सार्वजनिक सुनुवाईको महत्व बढी देखिन्छ ।

नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु, शाखा

CamScanner

**उद्देश्य** : स्थानीय तह खासगरी विजयनगर गाँउपालिकाबाट संचालन हुने सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु राखिएका छन् ।

क) विजयनगर गाँउपालिकाको कार्यालयबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरीय र सर्वपहुँच बनाई सेवाग्राहीको सन्तुष्टी बृद्धि गर्न ।

ख) विजयनगर गाँउपालिकाबाट हुने सेवाहरुबारे सरोकारवाला नागरिकलाई सचेतना अभिबृद्धि गर्न ।

ग) विजयनगर गाँउपालिकाको क्रियाकलापहरुबारे सरोकारवाला नागरिकहरु प्रति जवाफदेहिता अभिबृद्धि गर्न

घ) विजयनगर गाँउपालिका कार्यालयबाट प्रवाहहुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्न ।

ङ) सेवाग्राहीलाई आफ्नो हक र अधिकार प्रति सजक तथा जिम्मेवार बनाउन

च) सेवाप्रदायक निकाय र सेवाग्राहीबीचको तनावलाई न्यूनिकरण गर्दै दुरी कम गर्न ।

**कार्य विवरण :**

- कार्यक्रम संचालन एवम ब्यवस्थापनका लागि सम्बन्धित निकाय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नागरिकसमाज तथा स्थानीय नागरिकसंग समन्वय गरिएको
- नेपाल सरकारले जारी गरेको स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसारका ढाँचामा सुचना संकलन नागरिक समाज पक्षबाट गरिएको
- पूर्व तयारी बैठकका लागि नागरिक प्रतिवेदन पत्र (Citizen Report Card and exit poll) तयार गरिएको
- पूर्व तयारी बैठक सम्बन्धित निकायसंग गरिएको
- सरोकारवालाई पत्रचार सम्बन्धित कार्यालयबाट गरिएको
- सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धित निकाय, गाउँपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रसासकिय अधिकृत, वडा अध्यक्ष, सरोकारवाला निकायहरु, संचारकर्मी, समाजसेवी, बुद्धिजिवी, ब्यवसायी तथा स्थानीय सरोकारवाला नागरिकको सकृय सहभागितामा संचालन गरिएको

नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु, शाखा

CamScanner

## कार्यक्रमको परिचय

कार्यक्रमको नाम : विजयनगर गाँउपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम, आ.व. २०८२/८३

कार्यकम सञ्चालन मिति : २०८३ असार १९ गते

स्थान : विजयनगर गाँउपालिका, ६ खडैचा कपिलवस्तु

सहभागी संख्या : १३० जना

समन्वय : नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा

आयोजक: विजयनगर गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय

उपस्थित व्यक्ति/संस्थाहरु : विजयनगर गाँउपालिका अध्यक्ष श्री गोपाल थापा मगर, प्रमुख प्रसासकीय अधिकृत श्री हिमलाल विश्वकर्मा, नेपाल पत्रकार महासंघका शाखा उपाध्यक्ष श्री दिपा महत, विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, विभिन्न विषयगत शाखाका प्रमुख, राजनैतिक दलका प्रतिनिधी, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधी, विद्यार्थी, युवा क्लवका प्रतिनिधी, स्थानीय अगुवा, नागरिक समाजका प्रतिनिधी, स्थानीय एवम् सञ्चारकर्मीहरु ।

- कार्यकममा प्रमुख प्रशासकीय हिमलाल विश्वकर्माले चालुआर्थिक वर्षको प्रगती प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो । प्रगती निम्नानुसार रहेको थियो ।

**कार्यक्रमको विवरण**

कार्यक्रमको अध्यक्षता: दिपा महत, उपाध्यक्ष नेपाल पत्रकार महासंघ

प्रमुख अतिथी: गोपाल थापा, अध्यक्ष विजयनगर गाँउपालिका

विशिष्ट अतिथी: हिमलाल विश्वकर्मा, प्रमुख प्रसासकीय अधिकृत, विजयनगर गाँउपालिका

कार्यक्रम संचालन: जानु पाण्डे पत्रकार

नागरिक तथा बर्हिगमन प्रतिवेदन प्रस्तुती : जानु पाण्डे, पत्रकार

स्वागत मन्तब्य: राम प्रकटकोरी, सदस्य नेपाल पत्रकार महासंघ

कार्यक्रम संचालन प्रकृया : स्थानीय जनता, संचारकर्मी तथा जवाफदेही समुह गरी जम्मा तीन भागमा विभाजित भई कार्यक्रम संचालन गरिएको

कार्यक्रम आयोजना स्थल : विजयनगर गाँउपालिका ६ खडैचा, कपिलवस्तु

कार्यक्रम आयोजना गरिएको मिति र समय: २०८३ असार १९ गते दिउँसो १ बजे देखि५ बजेसम्म

कार्यक्रम संचालन गरिएको समय अवधि: ४ घण्टा

जम्मा सहभागी १३०

❖ **कार्यक्रम प्रतिवेदन**

कपिलवस्तु जिल्लाको विजयनगर गाँउपालिका वडा नम्बर ६ को सभाहल खडैचामा यही मिति २०८३ असार १९ गते शुक्रबार आर्थिक वर्ष २०८२/८३ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । नेपाल पत्रकार महासंघ कपिलवस्तुको समन्वय र विजयनगर गाँउपालिकाको आयोजनामा सार्वजनिक सुनुवाइ सम्पन्न भएको थियो । गाँउपालिकाका अध्यक्ष गोपाल थापा मगरको प्रमुख आतिथ्यता, नेपाल पत्रकार महासंघका उपाध्यक्ष दिपा महतको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाईमा प्रमुख प्रसासकीय अधिकृत हिमलाल विश्वकर्माले गाँउपालिकाको चालु आर्थिक वर्षको ६ महिनाको प्रगती प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा विभिन्न वडाका वडा अध्यक्ष, विभिन्न विषयगत शाखाका प्रमुख, कार्यपालिका सदस्य, स्थानीय नागरिक, संचारकर्मी, सुरक्षाकर्मी लगाएको सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथी, विशिष्ट अतिथी, वडा अध्यक्ष तथा विषयगत शाखा प्रमुख जवाफदेही वक्ताको रुपमा रहनुभएको थियो। सहभागिले शिक्षा, स्वास्थ्य लगाएत विकास निर्माण संगै पालिकाले

नेपाल पत्रकार महासंघ स्था: २०६० कपिलवस्तु, शाखा

CamScanner

प्रवाह गरेको सेवा सम्बन्धी विभिन्न सवाल राखेका थिए । भने सम्बन्धीत व्यक्ती तथा जवाफदेही वक्ताले उक्त प्रश्नको जवाफ दिनुभएको थियो र कार्यक्रममा सहभागीको समस्यालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ कपिलवस्तुले गाँउपालिकामा गएर सेवाग्राहीसंग सेवाको सन्तुष्टी, असन्तुटी समेटेर तयार पारिएको नागरिक तथ बर्हिरगमन प्रतिबेदन प्रस्तुत गरिएको थियो ।

नेपाल पत्रकार महासंघ कपिलवस्तुका सदस्य रामप्रकट कोरीको स्वागत मन्तव्य रहेकाकार्यक्रमको संचालन पत्रकार जानु पाण्डेले गर्नुभएको थियो । कार्यक्रममा जानु पाण्डेले नागरिक तथा बर्हिगमन प्रतिदन प्रस्तुत गर्नुभएको थियो ।

## छलफल तथा अन्तरकिया सत्र

**कार्यक्रममा उठेका सुझाव तथा गाउँपालिकाको प्रतिक्रिया**

**गौतम यादव,**

स्थानीयले गाउँपालिकामा एउटा मात्र एम्बुलेन्स भएकाले बिरामीलाई समयमै सेवा दिन कठिनाइ भइरहेको भन्दै तत्काल अर्को एम्बुलेन्स सञ्चालनमा ल्याउन आग्रह गर्नुभयो । साथै, कृषि तथा आर्थिक गणनामा केही घरधुरी छुटेकाले त्यसको समन्वय गरी समस्या समाधान गर्नुपर्ने बताउनुभयो ।

**हरिलाल बस्याल, वडा नं. २**

गाउँपालिका विकासमा अगाडि भए पनि निर्माण कार्यको गुणस्तरमा विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो । उहाँले कृषि सामग्री वितरणमा पारदर्शिता कायम गर्न तथा स्थानीय सञ्चारमाध्यमले पनि पालिकाका वास्तविक समस्यालाई प्राथमिकताका साथ उठाउनुपर्ने सुझाव दिनुभयो ।

**राजकुमार यादव, वडा नं. १**

खेतीपातीको समयमा रासायनिक मलको अभाव हुने समस्या समाधान गर्नुपर्ने, विद्यार्थी सङ्ख्याअनुसार शिक्षक व्यवस्थापन गर्नुपर्ने तथा एउटै विद्यालयमा लामो समयदेखि कार्यरत शिक्षकहरूको सरुवा नीति लागू गर्नुपर्ने बताउनुभयो ।

**कमला गुरुङ, वडा नं ६**

प्रेमनगरमा अस्थायी रूपमा फोहोर व्यवस्थापन गर्दा दुर्गन्ध फैलिएको र स्थानीय बासिन्दालाई समस्या भएको भन्दै फोहोर व्यवस्थापनको दीर्घकालीन समाधान गर्न आग्रह गर्नुभयो ।

**हिरामणि उपाध्याय, स्थानीय**

नेपाल पत्रकार महासंघ स्था: २०६० कपिलवस्तु, शाखा

CamScanner

कृषिमा आत्मनिर्भरता बढाउन प्राङ्गारिक मल उत्पादनमा जोड दिनुपर्ने, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक-अभिभावकबीच नियमित छलफल हुनुपर्ने सुझाव दिनुभयो ।

**राम अवतार पासी**

गाउँपालिकाको विकास भौतिक पूर्वाधारमा मात्र केन्द्रित भएको उल्लेख गर्दै कृषि, सिँचाइ, डेरी उद्योगको नापतौल अनुगमन तथा बिउबिजन र घाँस वितरणलाई व्यवस्थित र सबैमा समान पहुँच हुने गरी सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो ।

**सरिता पाण्डे, स्थानीय**

ज्योतिनगरको प्रतीक्षालयमा युवाहरूले लागुऔषध सेवन तथा मादक पदार्थ सेवन गर्ने गरेको भन्दै सुरक्षा निकायले निगरानी बढाउनुपर्ने बताउनुभयो ।

**सुस्मा थारु, वडा नं. ६**

खपरडीहवामा सडक, खानेपानी र नाली व्यवस्थापनको समस्या समाधान गर्न गाउँपालिकाको ध्यानाकर्षण गराउनुभयो ।

**जनप्रतिनिधि तथा कर्मचारीको प्रतिक्रिया**

**गोपाल थापा मगर, अध्यक्ष, विजयनगर गाउँपालिका**

उठाइएका अधिकांश समस्या यथार्थ रहेको स्वीकार गर्दै सडकको गुणस्तर सुधार, डेरीहरूको नापतौल अनुगमन, प्रेमनगरको फोहोर व्यवस्थापन, शिक्षक-अभिभावक समन्वय तथा दोस्रो एम्बुलेन्स सञ्चालनका विषयमा गाउँपालिका प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले मलको अभाव राष्ट्रिय समस्या भएकाले सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिनुभयो । साथै, सबै धर्म, भाषा, जातजाति र संस्कृतिको संरक्षण गर्दै नागरिकका सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**हिमलाल विश्वकर्मा, प्रमुख प्रशासकीय अधिकृत**

आर्थिक गणनामा छुटेका घरधुरीको विषयमा जिल्ला तथ्याङ्क कार्यालयसँग समन्वय गरी समाधान खोजिने बताउनुभयो। सार्वजनिक सुनुवाइमा प्राप्त सुझाव र गुनासालाई प्राथमिकताका साथ सम्बोधन गर्दै गाउँपालिकालाई थप पारदर्शी र जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**दिनेश कुमार चौधरी, वडा अध्यक्ष वडा नं, ७**

चौधरीले खानेपानी आयोजनाको प्राविधिक अभाव समाधानका लागि पहल भइरहेको जानकारी दिनुभयो । सामुदायिक विद्यालयको नतिजा सुधारका लागि अभिभावक,

नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु, शाखा

CS CamScanner

समुदाय, विद्यालय र जनप्रतिनिधि सबैको साझा जिम्मेवारी रहने बताउँदै सडक क्षमताभन्दा बढी भार बोकेका सवारीका कारण पनि सडक क्षति हुने गरेको उल्लेख गर्नुभयो ।

**प्रेमबहादुर कलवार, वडा अध्यक्ष वडा नम्बर ६**

बोरिंगका कारण पानीको समस्या देखिएको बताउनुभयो । सडक निर्माणका लागि बजेट विनियोजन भए पनि स्थानीय अवरोधका कारण केही योजना कार्यान्वयनमा समस्या भएको जानकारी दिनुभयो ।

**अर्जुन बेल्वासे, वास संयोजक**

वडा नं. ६ को फोहोर व्यवस्थापनका लागि डम्पिङ स्थल छनोट भइसकेको र छिट्टै व्यवस्थापन प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो ।

**शिवा चौधरी, शिक्षा शाखा**

विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन गर्ने गृहकार्य भइरहेको तथा लामो समयदेखि एउटै विद्यालयमा रहेका शिक्षकहरूको सरुवाका विषयमा छलफल भइरहेको बताउनुभयो ।

**यज्ञप्रसाद अधिकारी, स्वास्थ्य शाखा प्रमुख**

एउटै एम्बुलेन्सले सबै क्षेत्रमा प्रभावकारी सेवा दिन कठिनाइ भएकाले अर्को एम्बुलेन्स सञ्चालनको प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो ।

**दिपा महत, उपाध्यक्ष, नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा**

वडा र गाउँपालिकाबाट नागरिकले सहज रूपमा सेवा प्राप्त गर्न थालेकोमा खुसी व्यक्त गर्दै जनप्रतिनिधि, कर्मचारी, सञ्चारकमी र नागरिकबीचको सहकार्यबाट मात्र विजयनगर गाउँपालिकालाई नमुना स्थानीय तह बनाउन सकिने धारणा व्यक्त गर्नुभयो ।

**निष्कर्ष**

विजयनगर गाउँपालिकामा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रम नागरिक, जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय तथा सञ्चारकमीबीच प्रत्यक्ष संवादको प्रभावकारी माध्यमका रूपमा सम्पन्न भयो। कार्यक्रममा सहभागीहरूले स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, सरसफाइ, सडक पूर्वाधार, सिँचाइ, फोहोर व्यवस्थापन, सुरक्षा, एम्बुलेन्स सेवा तथा सेवा प्रवाहसँग सम्बन्धित विविध समस्या, गुनासा र रचनात्मक सुझाव प्रस्तुत गरेका थिए ।

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था: २०६०

CamScanner

सहभागीहरूले विशेषगरी दोस्रो एम्बुलेन्स सञ्चालन, समयमा मलखाद उपलब्ध गराउने व्यवस्था, कृषि सामग्री वितरणमा पारदर्शिता, शिक्षक व्यवस्थापन तथा सरुवा, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, फोहोर व्यवस्थापन, खानेपानी तथा सिँचाइ समस्या समाधान, सडकको गुणस्तर अभिवृद्धि, डेरीमा नापतौलको अनुगमन तथा सार्वजनिक स्थानमा हुने सामाजिक विकृतिको नियन्त्रणलगायत विषयमा गाउँपालिकाको ध्यानाकर्षण गराएका थिए ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू तथा विषयगत शाखाका प्रमुखहरूले उठाइएका प्रश्न र जिज्ञासाको जवाफ दिँदै अधिकांश समस्याको समाधानका लागि आवश्यक पहल भइरहेको तथा बाँकी विषयलाई नीति, योजना र बजेटमार्फत क्रमिक रूपमा सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गरेका थिए। साथै, गाउँपालिकाको विकास र सुशासनका लागि नागरिक, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला सबै पक्षबीच सहकार्य, समन्वय र अपनत्व आवश्यक रहेकोमा जोड दिइएको थियो ।

**कार्यक्रमका तस्बीरहरुः**

नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु, शाखा












नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु, शाखा




नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु, शाखा



CamScanner




नेपाल पत्रकार
स्था: २०६०
कपिलवस्तु, शाखा



CamScanner











नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु शाखा

CamScanner